शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलबस्तु

प.सं. - ०७८/७९
च.नं.- २९१

मितिः २०७९/०१/०७

विषयः सम्पादित कार्यको जानकारी सम्बन्धमा।

**श्री राष्ट्रिय सूचना आयोग**
**पेरिसडाँडा, कोटेश्वर, काठ्माण्डौं।**

प्रस्तुत विषयमा प्रदेश सरकार, लुम्बिनी प्रदेश, शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको यस सामाजिक विकास डिभिजन कार्यालय, कपिलबस्तुबाट आ.ब. २०७८/७९ को कार्यक्रमतर्फ २०७८ साल चैत्र मसान्तसम्म सम्पादित कार्यको विवरण देहाय बमोजिम रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

सम्पादित कार्यको विवरण

१. स्टेम शिक्षा अवधारणा र अभ्यास, सहयोगी पुस्तिका प्रकाशन।
२. स्टेम शिक्षा कार्यक्रम अन्तर्गत अर्घाखाँची जिल्ला र कपिलबस्तु जिल्लाको माध्यमिक तहका २७० जना प्रधानाध्यापकहरुको १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
३. स्टेम शिक्षा कार्यक्रम अन्तर्गत अर्घाखाँची जिल्ला र कपिलबस्तु जिल्लाका माध्यमिक तहका गणित तथा विज्ञान विषयका ३५० जना विषय शिक्षकहरुको २/२ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
४. स्टेम शिक्षा कार्यक्रम अन्तर्गत अर्घाखाँची जिल्ला र कपिलबस्तु जिल्लाका १६ वटा स्थानीय तहहरुमा १६ वटा स्टेम क्लवहरु गठन भएको तथा सबै माध्यमिक विद्यालयमा स्टेम क्लव गठन हुने क्रममा रहेको।
५. प्रदेश सरकारबाट विनियोजित बजेट रकम र शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय एवं शिक्षा तथा सामाजिक विकास निर्देशनालयको सूचना बमोजिम विभिन्न २०० भन्दा बढी योजनाहरुको सम्झौता गर्ने कार्य भएको तथा सम्झौता बमोजिमको प्रथम किस्ता रकम निकासा गरिएको।
६. शिक्षा तथा सामाजिक विकास निर्देशनालयको सूचना बमोजिम विद्यालयहरुबाट प्राप्त छात्रवृत्ती लगायतका विवरण संकलन भएको।
७. संचालित योजनाहरुको अनुगमन तथा निरीक्षण कार्य भएको।

माधव वन्जाडे
शाखा अधिकृत
(सूचना अधिकारी)

Confidential